"१६ औं नेपाल चीन (तिब्बत) आर्थिक तथा व्यापार मेला २०१८" आयोजना सम्वन्धि

**प्रेस विज्ञप्ती**

नेपाल सरकार र चीनको स्वशासित क्षेत्र तिव्वत सरकार बीचको सन् १९९० को समझदारी (Memorandum of Understanding) अनुसार नेपाल र चीन (तिव्वत) विच प्रत्येक २/२ वर्षको अन्तरालमा नेपाल र चीनको (तिव्वत) मा आलोपालो गरी आर्थिक तथा व्यापार मेला आयोजना गर्ने प्रावधान वमोजिम यस पटक चिन (तिव्वत)को ल्हासामा २५ देखी २९ अक्टोवर २०१८ तदअनुसार कार्तिक ८ देखी १२, २०७५ सम्म १६ औं नेपाल चिन (तिव्वत) आर्थिक तथा व्यापार मेलाको आयोजना हुने भएको छ।

उक्त व्यापार मेलामा चीन तिव्वतबाट उपलव्ध गराइएको ५० वटा स्टलहरुमा नेपाली वस्तुको प्रदर्शनी तथा विक्री हुने भएकोले सो मेलामा केन्द्रको स्वीकृत छनौट विधि बमोजिम निःशुल्क स्टल (सिङ्गै वा आंशिक) प्राप्त गरेका ५९ वटा कम्पनी/फर्महरुले सहभागिता गर्ने छन र उक्त मेलामा नेपाली निकासीयोग्य वस्तुहरु गलैचा, पशिमना, थान्का, फेल्टका सामाग्री, धातुका मुर्ति, कास्ठकलाका वस्तुहरु, चाँदि र पित्तलका गरगहना लगायतका विविध हस्तकलाका वस्तुहरु, जडिवुटी र जडीवुटीजन्य वस्तुहरु, रुद्राक्ष, बोधिचित्त माला, खाद्यपदार्थहरु, चिया, कम्वल, सुतिका कपडा आदि विक्री तथा प्रदर्शनी गरिने छ।

उक्त मेलाको अवसरमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयका सह-सचिव श्री मधु कुमार मरासिनीले नेतृत्व गर्ने सरकारी प्रतिनिधि मण्डलले चीन तिव्वत सरकार संग द्धिपक्षिय व्यापार र लगानी अभिबृद्धी गर्ने तथा नेपालको निकासी चिन तिव्वत तर्फ प्रवर्द्धन गर्न र चीन सरकारले नेपाली निकासीयोग्य ८ हजार भन्दा बढी बस्तुहरुलाई उपलव्ध गराएको शुन्य भन्सार सुविधाको उपभोग गर्ने र द्धिपक्षिय व्यापारमा रहेका अवरोधहरुको निराकरण गर्ने सम्वन्धमा छलफल तथा वार्ता गर्नेछ ।साथै मेलामा सहभागि नेपाली उद्यमी/व्यापारीहरुलाई चिन तिव्वत तर्फका उद्यमी/व्यापारीहरुसंग B2B बैठकको सन्चालन समेत हुने छ ।

उक्त व्यापार मेलाको आयोजनाबाट करिव रु.६ करोड वरावरको कारोवार हुने र ४० हजार दर्शकले मेलाको अवलोकन गर्ने अपेक्षा गरिएको छ ।यस मेलावाट नेपाल र चिन तिव्वत विचको व्यापारिक अवसरमा थप अभिवृद्धि तथा द्धिपक्षिय सम्वन्ध अझ मजवुत भई नेपालको व्यापार घाटालाई न्युनिकरण गर्न मद्दत पुग्ने छ।